# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्या : ०८१।०८२
चलानी नं. : ३८८

मिति : २०८१।५।५

श्री विद्यालयहरु (सबै),
कोशी गाउपालिका,
सुनसरी ।

(छाप: कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लौकही, सुनसरी कोशी प्रदेश, नेपाल)

**विषय : वैदेशिक रोजगार सन्तती छात्रावृत्ति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने वैदेशिक रोजगार सन्तती छात्रावृत्ति कार्यक्रम अन्तर्गत तहा विद्यालयमा अध्ययनरत वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका बालबालिकाहरुको निवेदन संकलन गरी वैदेशिक रोजगार वोर्डको मिति २०८१।४।३१ को सुचना अनुसार यस पालिकाको रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनहुन जानकारीको लागि अनुरोध छ । छात्रावृत्तिका लागि निवेदनको ढाचा तथा विद्यालयको सिफारिसको ढाँचा यसै पत्रसाथ संलग्न रहेको छ । थप विवरण वैदेशिक रोजगार बोर्डको सचिवालयको वेवसाईट www.feb.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(हस्ताक्षर) २०८१।५।५

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१. श्री वडा कार्यलयहरु (सबै), कोशी गाउपालिका ।
२. श्री शिक्षा शाखा, कोशी गाउपालिका, विद्यालयहरुलाई जानकारी गराइदिनहुन ।
२.श्री सुचना प्रविधि शाखा, कोशी गाउपालिका website मा upload गराइदिनहुन र विद्यालयहरुलाइ email गराइदिनहुन ।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्वन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्वन्धी थप जानकारी सचिवालयको वेवसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्वन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेवसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रे
कार्यकारी निर्देश